# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (६), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, माघ १० गते २०७९ साल, सङ्ख्या ९

## भाग-१

**यस सूर्योदय नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐनहरू सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, २०७९

नगरसभाबाट स्वीकृत मिति: २०७९।१०।०९ गते

प्रमाणीकरण मिति : २०७९।१०।१० गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६ मा भएका केही व्यवस्था संशोधन गर्न वाञ्छनीय भएकोले सो ऐनको दफा ५६. ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (चौथो संशोधन) ऐन, २०७९** हुनेछ ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६"लाई जनाउनेछ ।

**३. मूल ऐनको दफा ४ मा संशोधन:** मूल ऐनको दफा ४. को उपदफा (२) को सट्टामा देहाय बमोजिमको उपदफा (२) राखिएको छ ।

(२) उपदफा (१) बमोजिम छनौट भएको विद्यालयमा नगरपालिकाले प्रधानाध्यापक वा शिक्षक नियुक्त गर्न सक्नेछ । साथै प्रशासनिक कार्य सञ्चालन गर्नको लागि छुट्टै व्यक्ति करार सेवामा नियुक्त गर्न सक्नेछ । उक्त पदको नियुक्ति प्रक्रिया, काम, कर्तव्य र अधिकार साथै पारिश्रमिकको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. मूल ऐनको दफा १० मा संशोधन:** मूल ऐनको दफा १० को उपदफा (१) को खण्ड (घ) को सट्टामा देहाय बमोजिमको खण्ड (घ) राखिएको छ ।

(घ) नगर कार्यपालिकाले मनोनीत गरेको नगर सभाका सदस्यहरू मध्येबाट १ महिला सहित २ जना - सदस्य

## सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, २०७९

नगरसभाबाट स्वीकृत मिति: २०७९।१०।०९ गते

प्रमाणीकरण मिति : २०७९।१०।१० गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन, २०७८ मा भएका केही व्यवस्था संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको स्वास्थ्य (प्रथम संशोधन) ऐन, २०७९** हुनेछ ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको स्वास्थ्य ऐन, २०७८"लाई जनाउनेछ ।

**३. मूल ऐनको दफा ६ मा संशोधन:** मूल ऐनको दफा ६ को उपदफा (१) को,-

(१) खण्ड (ख) को सट्टा देहाय बमोजिमको खण्ड (ख) राखिएको छ ।

"(ख) नगर उप–प्रमुख – उपाध्यक्ष"

(२) खण्ड (ठ) को सट्टा देहाय बमोजिमको खण्ड (ठ) राखिएको छ ।

"(ठ) अस्पतालको प्रशासन इकाई प्रमुख – सदस्य सचिव"

**४. मूल ऐनको दफा १० मा संशोधन:** मूल ऐनको दफा १० को उपदफा (३) को सट्टामा देहाय बमोजिमको उपदफा (३) राखिएको छ :

"(३) उपदफा (२) बमोजिमको बैंक खाता अस्पतालमा कार्यरत माथिल्लो तहको ज्येष्ठ स्थायी कर्मचारी र नगर कार्यपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।"

**५. मूल ऐनको दफा २१ मा संशोधन:** मूल ऐनको दफा २१ को उपदफा (२) मा देहाय बमोजिमको वाक्यांश थप गरिएको छ ।

"तर,

नगर अस्पतालको हकमा प्रमुख प्रशासकीय अधिकृतसँग अस्पताल प्रमुखले कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।"

## सूर्योदय नगरपालिकाको स्थानीय सडक व्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी ऐन, २०७८ लाई संसोधन गर्न बनेको विधेयक, २०७९

नगरसभाबाट स्वीकृत मिति: २०७९।१०।०९ गते

प्रमाणीकरण मिति : २०७९।१०।१० गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको स्थानीय सडक व्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सो ऐनको दफा २०. ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको स्थानीय सडक व्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी (प्रथम संशोधन) ऐन, २०७९** हुनेछ ।

(२) यो ऐन नगरसभाबाट पारित भई प्रमाणित भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको स्थानीय सडक व्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी ऐन, २०७८"लाई जनाउनेछ ।

**३.** मूल ऐनको दफा २ को खण्ड (झ) पछि देहाय बमोजिमको खण्ड (ञ) र (ट) थप गरिएको छ ।

(ञ) “सडक सीमा” भन्नाले सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँ बायाँ दफा ४ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनुपर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

**४. मूल ऐनको दफा ४. को सट्टामा देहाय बमोजिमको दफा ४. राखिएको छ ।**

**४. स्थानीय सडकहरुको वर्गीकरण तथा सडक सीमा:** (१) नगर कार्यपालिकाले स्थानीय सडकहरूको देहाय बमोजिम वर्गीकरण गर्न सक्नेछ ।

(क) अन्तरपालिका सडक

(ख) अन्तरवडा सडक

(ग) बाह्रमासे सडक

(घ) पर्यटकीय सडक(पर्यटकीय मार्ग)

(ङ) अन्य सहायक सडक

(च) कृषि सडक

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्ने आधार नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम सडकको वर्गीकरण गर्दा वर्गीकृत सडकको नाम, क्षेत्र र सडक सीमा समेत निर्धारण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सडक सीमा निर्धारण गर्दा मानव वस्ती, पर्यटकीय एवम् धार्मिक सम्पदा, ऐतिहासिक स्थान लगायतका विषयलाई आधार लिनु पर्नेछ। कारणवस सडक सीमा हेरफेर गर्नुपरेमा हेरफेर गर्नुको आधार र कारण खोली नगर कार्यपालिकाले निर्णय गर्नुपर्नेछ र त्यस्तो निर्णय सार्वजनिक सूचना मार्फत सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ।

**५. मूल ऐनको दफा ५. को सट्टामा देहाय बमोजिमको दफा ५. राखिएको छ।**

**५. स्थायी संरचना निर्माण गर्न निषेध गर्न सक्ने:** (१) दफा ४ को उपदफा (३) बमोजिम सडक सीमा तोकिएको मा सडक सीमा क्षेत्रभित्र र सडक सीमा नतोकिएकोमा सडकको किनारबाट तीन मिटरमा नबढ्ने गरी तोकेको सीमा भित्र नगर कार्यपालिकाले सूचना प्रकाशन गरी पर्खाल बाहेकका अन्य कुनै किसिमको स्थायी संरचना निर्माण गर्ने कार्य रोक्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको सडक सीमा भित्र कसैले सूचना प्राप्त गरी सके पश्चात् कुनै किसिमको स्थायी संरचना निर्माण गरेमा त्यस्तो संरचना नगर प्रमुखको आदेशले भत्काउन सक्नेछ। नगरपालिकाले त्यस्तो संरचना भत्काउँदा लागेको खर्च समेत सम्बन्धित संरचना निर्माण गर्ने व्यक्तिबाट प्रचलित कानुन बमोजिम वा तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्य सम्पन्न गर्दा प्रचलित कानुन बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

**६. मूल ऐनको दफा ५. पछि देहाय बमोजिमको दफा ५क. थप गरिएको छ।**

**५क. सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिने:** (१) सडकको निर्माण र विस्तार वा सुधार गर्न वा सडक सीमाको कुनै जग्गा प्राप्त गर्नु परेमा नगर कार्यपालिकाले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानुन बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

(२) सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य पुरा नभएसम्म देहायको कामका लागि नगर कार्यपालिकाले कुनै जग्गा अस्थायी रुपले प्राप्त गर्न सक्नेछ र त्यसरी प्राप्त गर्दा सम्बन्धित जग्गा धनीसँग प्रचलित कानुन बमोजिम सम्झौता गर्न सक्नेछ:

(क) सडकको निर्माण, विस्तार वा सुधार गर्ने निर्माणका आवश्यक सामान, उपकरण राख्न वा निर्माण विस्तार सम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरु वस्ने घर, भण्डार वा कटेरो बनाउन ।

(ख) सडकको निर्माण विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकमा हुने आवागमन चालु राख्न वा निर्माण पुरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसारपसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन ।

(३) उपदफा (२) बमोजिमको कामका लागि काबु बाहिरको परिस्थितिमा बाहेक देहाय बमोजिमको घर प्राप्त हुदैन:

(क) कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी रहेको घर, टहरा वा कटेरो ।

(ख) देवस्थल, विद्यालय, अस्पताल, धर्मशाला, वा अनाथालयको निमित्त प्रयोग भइरहेको जग्गा ।

(४) उपदफा (२) बमोजिम प्राप्त गरेको घर वा जग्गा जुन कार्यको निमित्त प्राप्त गरिएको हो सो कार्य सम्पन्न भएपश्चात् त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको सबैभन्दा नजिकको हकवालालाई सम्झौता बमोजिम जग्गा प्राप्त गर्दा कै अवस्थामा तोकिए बमोजिम फिर्ता गरिदिनु पर्नेछ ।

**७. मूल ऐनको दफा ६. को सट्टामा देहाय बमोजिमको दफा ६. राखिएको छ ।**

**६. सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउन नपाउने:**(१) कसैले सार्वजनिक सडकमा कुनै मालसामान, वस्तु, फोहोर वा फोहोरजन्य पदार्थ, घरपालुवा दोपाया चौपाया छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याउन पाईने छैन।

(२) उपदफा (१) बमोजिम बाधा पुऱ्याउने मालवस्तु, फोहोर वा फोहोरजन्य पदार्थ वा घरपालुवा दोपाया चौपाया तुरुन्त नगरपालिकाले हटाउने वा मुनासिव माफिकको अवधि तोकि हटाउनका लागि सम्बन्धित मालवस्तु वा घरपालुवा दोपाया चौपाया धनी वा स्वामित्व हुने संस्थाको नाउँमा आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश प्राप्त भएपछि सडकमा छाडिएको मालबस्तु वा घरपालुवा दोपाया चौपाया हटाउने दायित्व स्वामित्ववालाको हुनेछ। नहटाएमा दण्डनीय हुनेछ।

(३) उपदफा (२) बमोजिम जारी भएको आदेश बमोजिमको अवधि भित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई नगरपालिकाले दण्ड गरी जफत गर्न र लिलाम विक्री गर्न सक्नेछ ।

(४) उपदफा (२) मा उल्लिखित माल वस्तु बाहेक सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडक तर्फ निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै संरचना, वस्तु, ढोका, रुखको हाँगा, लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध पुगेको भएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा नगरपालिकाले तोकिए बमोजिम तत्काल आदेश जारी गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने "व्यक्तिले कारण समेत खोली नगरपालिकामा तोकिए बमोजिम निवदेन दिन सक्नेँछ र त्यस्तो निवेदन परेमा एक पटकसम्म उचित समयावधि तोकी तोकिए बमोजिम म्याद बढाई दिन सकिनेछ ।

(६) उपदफा (२) बमोजिम तोकिएको म्याद वा उपदफा (५) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिए बमोजिमको काम नगरेमा कार्यालयले आफ्नो कर्मचारी, नगर प्रहरी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाही गराउन सक्नेछ। त्यसरी काम गराउँदा व्यक्तिको कुनै क्षति हुन गएमा त्यस्तो क्षति वापतको कुनै हर्जाना दिईने छैन।

**८. मूल ऐनको दफा ९ को उपदफा (३) हटाइएको छ ।**

**९. मूल ऐनको दफा १०. पछि देहाय बमोजिमको दफा १०क. , १०ख. , १०ग. र १०घ. थप गरिएको छ ।**

**१०क. आसपासको जग्गाबाट माटो, ढुंगा वा बालुवा लिन सकिने** (१) सार्वजनिक सडक पुल वा झोलुङ्गे पुलको निर्माण मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुंगा वा बालुवा लिन आवश्यक परेमा माटो, ढुंगा वा बालुवा प्रचलित कानुन बमोजिम उपयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम माटो, ढुंगा वा बालुवा उपयोग गर्दा त्यसमा रहेको कुनै बाली, रुख विरुवा वा अन्य कुनै चीज वस्तुको नोक्सानी र त्यस्तो जग्गाबाट माटो, ढुंगा वा बालुवा उपयोग गर्दा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम प्रचलित कानुन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै भौतिक संरचनाको निकट आसपासको जग्गाबाट माटो, ढुंगा वा बालुवा लिनु परेमा सम्बन्धित संरचनाको स्वामित्व प्राप्त व्यक्ति वा निकायको स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुंगा वा बालुवा लिन पाइने छैन ।

**१०ख. सजाय:** (१) कसैले दफा ९ विपरीत बढी वजनको सवारी चलाएमा वा दफा १० बमोजिम लगाएको रुख उखेलेमा वा काटेमा दुई हजार देखि दस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(२) यो ऐन बमोजिमको कुनै निर्णय कार्यान्वयन गर्दा वा कुनै सूचना टाँस गर्दा बाधा विरोध गरेमा वा हुल हुज्जत गरेमा दस हजारदेखि बीस हजार सम्म जरिबाना हुनेछ ।

(३) यस ऐन बमोजिम हुने सजाय र जरिबाना सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०ग. सजाय तोक्ने अधिकारी, सजायको छानविन, दायरी र निर्णय:** (१) दफा १०ख.बमोजिम हुने सजायको निर्धारण गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(२) दफा १०ख. बमोजिम हुने सजायको अनुसन्धान तथा छानविनको लागि प्रमुख प्रशासकीय अधिकृतले अधिकृतस्तर छैठौं तहको कुनै कर्मचारीलाई तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्ने कर्मचारीले प्रचलित कानुन र तोकिए बमोजिमको प्रक्रिया अपनाई छानविन गर्नु पर्नेछ र त्यस्तो छानविन प्रतिवेदन उपदफा (१) बमोजिमको अधिकारीलाई पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन प्राप्त भएपछि कारण र आधार समेत उल्लेख गरी उपदफा (१) बमोजिमको अधिकारीले यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ ।

तर, त्यसरी सजाय गर्नु पूर्व निजलाई आफ्नो सफाई पेश गर्न मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

**१०घ. सजाय उपरको पुनरावेदन:** (१) दफा १०ग. बमोजिम तोकिएको अधिकारीले सजाय सम्बन्धी निर्णय गरेमा सो निर्णय उपर चित्त नबुझ्ने पक्षले जानकारी पाएको तीस दिन भित्र नगर प्रमुख समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उजुरी परेकोमा नगर प्रमुखले पैतीस दिनभित्र आवश्यक निर्णय गर्नुपर्नेछ र त्यस्तो निर्णयको लागि नगर प्रमुखले आवश्यक राय लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्णयमा समेत चित्त नबुझेमा सो निर्णय उपर चित्त नबुझ्ने पक्षले जानकारी पाएको तीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**१०. मूल ऐनको दफा ११. को सट्टामा देहाय बमोजिमको दफा ११. राखिएको छ ।**

**११. सडकहरुको लगतकट्टाः** (१) नगरपालिका क्षेत्रभित्र रहेका सबै सडकहरुको क्षेत्राधिकार भित्रको जग्गाको लगतकट्टा गरी नगरको स्वामित्वमा ल्याइनेछ ।

(२) लगत कट्टा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक, २०७९

नगरसभाबाट स्वीकृत मिति: २०७९।१०।०९ गते

प्रमाणीकरण मिति : २०७९।१०।१० गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७९ मा भएका केही व्यवस्था संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको आर्थिक (प्रथम संशोधन) ऐन, २०७९** हुनेछ ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७९"लाई जनाउनेछ ।

**३. मूल ऐनको विभिन्न स्थानमा संशोधन:** मूल ऐनको विभिन्न स्थानमा "घर वहाल" वाक्यांशको सट्टामा "घर जग्गा वहाल" भन्ने वाक्यांश राखिएको छ ।

**४. मूल ऐनको अनुसूची १० मा संशोधन:** मूल ऐनको अनुसुची १० को खण्ड (फ) पछि देहाय बमोजिमको खण्ड (ब) थप गरिएको छ ।

(ब) पूर्वाधार ल्यावद्वारा प्रदान गरिने  सेवा वापत लिइने सेवा शुल्क:

| क्र.सं. | निर्माण सामग्रीको नाम | इकाई | आ.व.०७९/०८० दररेट | कैफियत |
|---|---|---|---|---|
| | **Laboratory Test Rate** | | | |
| 17.02 | **Soil & Aggregate** | | | |
| 17.02.01 | Aggregate crushing value test | No | 460.00 | |
| 17.02.02 | Aggregate Impact value test | No | 350.00 | |
| 17.02.03 | C.B.R (Soaked) | No | 2200.00 | |
| 17.02.04 | C.B.R (Unsoaked) | No | 1900.00 | |
| | Deflection Test by Benkelman's Beam Test | No | 800.00 | |
| 17.02.06 | Flakiness Index | No | 550.00 | |
| 17.02.07 | Field Density Test | No | 700.00 | |
| 17.02.08 | Liquird & Plastic Limit | No | 600.00 | |
| 17.02.09 | Los Angeles Abrasion Test | No | 660.00 | |
| 17.02.10 | Measurement Of Pavement Thickness | No | 550.00 | |
| 17.02.11 | Organic Impurities of Fine Aggregate | No | 520.00 | |
| 17.02.12 | Proctor Compaction (Modified) | No | 1950.00 | |
| 17.02.13 | Rapid Determination of CBR by DCP | No | 350.00 | |
| 17.02.14 | Specific Gravity of Course Aggregate | No | 650.00 | |
| 17.02.15 | Specific Gravity of Fine Aggregate | No | 450.00 | |

| | | | | |
|---|---|---|---|---|
| 17.02.16 | Sieve Analysis | No | 950.00 | |
| 17.02.17 | Sodium Sulphate Soundness (5 Cycle) | No | 2800.00 | |
| 17.02.18 | Sand Equivalent | No | 1100.00 | |
| 17.02.19 | Sampling From Surface, Base, Subbase, & subgrade | No | 600.00 | |
| 17.03 | **CEMENT & CONCRETE** | | | |
| 17.03.01 | Compressive Strength of concrete Cube | No | 150.00 | |
| 17.03.02 | Making Mortar Cubes (50mm x 50mm x 50mm) ( Per set 9 No. of Cubes) | Set | 3300.00 | |
| 17.03.03 | Making Mortar Cubes (70.7mm x 70.7mm x70.7mm) (Including All materials Per set 9 No. of Cubes ) | Set | 3700.00 | |
| 17.03.04 | Making Concrete Cubes (150mm x 150mm x150mm) (Per set 9 No. of Cubes) | Set | 1850.00 | |
| 17.03.05 | Normal consistency of cement | No | 500.00 | |
| 17.03.06 | Slump Test of concrete mix | No | 150.00 | |
| 17.03.07 | Setting Time Of cement | No | 750.00 | |
| 17.04 | **BITUMEN** | | | |
| 17.04.01 | Determination of Bitumen content ( 2 kg . Big bowl ) | No | 4500.00 | |
| 17.04.02 | Determination of Bitumen content ( 1 kg .Small bowl ) | No | 3400.00 | |
| 17.04.03 | Ductility test | No | 650.00 | |
| 17.04.04 | Flash viscosity of Emulsion | No | 1150.00 | |
| 17.04.05 | Flash & fire point | No | 350.00 | |

| | | | | |
|---|---|---|---|---|
| 17.04.06 | Viscosity Test | No | 1650.00 | |
| 17.04.07 | Loss on Heating Of asphalt | No | 550.00 | |
| 17.04.08 | Penetration Test | No | 480.00 | |
| 17.04.09 | Penetration Of residue | No | 480.00 | |
| 17.04.10 | Resistance to plastic Flow of Bitumen ( Marshal decision ) | No | 1500.00 | |
| 17.04.11 | Specific Gravity | No | 700.00 | |
| 17.04.12 | Solubility Test | No | 750.00 | |
| 17.04.13 | Softening Test | No | 600.00 | |
| 17.04.14 | Stripping Test | No | 750.00 | |
| 17.04.15 | Water content | No | 550.00 | |
| 17.04.16 | Residue on Seiving of Emulsion | No | 850.00 | |
| 17.04.17 | Binder Content Of Emulsion | No | 650.00 | |
| 17.05 | **G.I. WIRE** | | 0.00 | |
| 17.05.01 | Adhesion Test of GI Wire | Piece | 90.00 | |
| 17.05.02 | Determination of tensile Strangth Of GI Wire | Piece | 320.00 | |
| 17.05.03 | Determination ofZinc Coating Of GI Wire | Piece | 450.00 | |
| 17.05.04 | Unforrnity of Zinc Coating of GI Wire | Piece | 350.00 | |
| 17.06 | **TENSILE STRENGTH TEST ( UTM )** | | | |
| 17.06.01 | 8mm - 19mm bar | Piece | 1350.00 | |
| 17.06.02 | 20mm - 40mm bar | Piece | 1700.00 | |
| 17.06.03 | Srteel Plate | Piece | 1700.00 | |

| | | | | |
|---|---|---|---|---|
| 17.06.04 | Bul Dog Grip | Piece | 3350.00 | |
| 17.06.05 | Nut Bolt | Piece | 1700.00 | |
| 17.07 | **Borehole RCC Pile Tests** | | | |
| 17.07.01 | १ मिटर व्यस सम्मको वोरहोल आर.सि.सि. पाईलको PDA TEST गर्ने काम पाईल हेड तयार गर्ने र प्रतिवेदन समेत तयार गर्ने  काम | प्रति पाईल | 125000.00 | |
| 17.07.02 | १ मिटर व्यस सम्मको वोरहोल आर.सि.सि पाईलको Cross Hole Ultrasonic Monitor(CHUM) Test गरी प्रतिवेदन समेत तयार गर्ने काम | प्रति पाईल | 6500.00 | |
| 17.07.03 | १ मिटर व्यास सम्मको वोरहोल आर.सि.सि पाईलको Intrigety Test र प्र तिवेदन समेत तयार गर्ने काम | प्रति पाईल | 100000.00 | |

# सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक, २०७९

नगर सभाबाट स्वीकृत मिति: २०७९।१०।०९ गते

प्रमाणीकरण मिति : २०७९।१०।१० गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७९ मा भएका केही व्यवस्था संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको विनियोजन (प्रथम संशोधन) ऐन, २०७९** हुनेछ ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०७९"लाई जनाउनेछ ।

**३. मूल ऐनको दफा थप गरिएको:** मूल ऐनको दफा २. पछि देहाय बमोजिमको दफा २क. थप गरिएको छ ।

“२क. दफा २. मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकालाई वित्तीय हस्तान्तरण वापत प्राप्त हुने अनुदानमा थप वा घट भई वा यस ऐन बमोजिम कार्यक्रम संशोधन भई वार्षिक बजेट रकम थप वा घट हुन गएमा सोही बमोजिमको रकम संचित कोषबाट खर्च गर्न वाधा पर्ने छैन ।”

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
| **ब.उ.शि.नं. ८०१०३४०४३१२ पशुपंक्षी विकास** | | | | | | | | |
| ८८७ | घाँसको विउ तथा बिरुवा वितरण | २२५२२ | प्रदेश सरकार | ८००००० | रेड नेपियर घाँसको सेट्स वितरण | २२५२२ | प्रदेश सरकार | २००००० |
| | | | | | ड्राइ सिफर खरिद कार्यक्रम | २२५२२ | प्रदेश सरकार | २००००० |
| | जम्मा | | | ८००००० | | | | ४००००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३११ कृषि तथा खाद्य सुरक्षा** | | | | | | | | |
| ८४६ | कफि विस्तार कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | २००००० | कफि विस्तार कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | ० |
| ८४८ | कृषि फर्म प्रोत्साहन कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा | २२५२२ | जनसहभागिता | ८००००० | कृषि फर्म प्रोत्साहन कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा | २२५२२ | जनसहभागिता | ० |
| ८४९ | कृषि फर्म प्रोत्साहन कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा | २२५२२ | आन्तरिक स्रोत | ८००००० | कृषि फर्म प्रोत्साहन कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा | २२५२२ | आन्तरिक स्रोत | ० |
| ८५२ | जैविक तथा प्राङ्गारिक मल व्यवस्थापन कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | ३००००० | जैविक तथा प्राङ्गारिक मल व्यवस्थापन कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | ० |
| ८६६ | सिताके कन्येच्याउ तालिम तथा विउ वितरण | २२५२२ | आन्तरिक स्रोत | २००००० | सिताके कन्येच्याउ तालिम तथा विउ वितरण | २२५२२ | आन्तरिक स्रोत | ० |
| | जम्मा | | | २३००००० | | | | ० |
| **ब.उ.शि.नं. ८०१०३४०४३१६ भूमी व्यवस्था,सहकारी र वित्तिय व्यवस्था** | | | | | | | | |
| ९६० | नगरस्तरीय सहकारी बोर्ड गठन | २२५२२ | आन्तरिक स्रोत | १००००० | नगरस्तरीय सहकारी बोर्ड गठन | २२५२२ | आन्तरिक स्रोत | ० |
| ९६७ | अन्तरजिल्ला सहकारी अवलोकन भ्रमण | २२६१९ | नेपाल सरकार नगद | ३००००० | अन्तरजिल्ला सहकारी अवलोकन भ्रमण | २२६१९ | नेपाल सरकार नगद | ० |
| ९६८ | सहकारी संस्थाहरुलाई उद्योग स्थापना र संचालनमा ब्याज अनुदान | २२३१५ | नेपाल सरकार नगद | २०००००० | सहकारी संस्थाहरुलाई उद्योग स्थापना र संचालनमा ब्याज अनुदान | २२३१५ | नेपाल सरकार नगद | ० |
| | जम्मा | | | २४००००० | जम्मा | | | ० |
| **ब.उ.शि.नं. ८०१०३४०४३१५ पर्यटन तथा संस्कृति** | | | | | | | | |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
| ९२९ | असल पर्यटकीय अभ्यास सम्बन्धी तालिम | २२५२२ | आन्तरिक स्रोत | ५०००० | असल पर्यटकीय अभ्यास सम्बन्धी तालिम | २२५२२ | आन्तरिक स्रोत | ० |
| ९३१ | पर्यटकीय उपज उत्पादान सम्बन्धी तालिम | २२५२२ | आन्तरिक स्रोत | ६०००० | पर्यटकीय उपज उत्पादान सम्बन्धी तालिम | २२२१२ | आन्तरिक स्रोत | ० |
| ९३६ | नगरका पर्यटकीय स्थानहरुमा wifi राख्ने कार्यक्रम | ३११२२ | आन्तरिक स्रोत | ५०००० | नगरका पर्यटकीय स्थानहरुमा वाईफाई राख्ने कार्यक्रम | ३११२२ | आन्तरिक स्रोत | ० |
| ९५१ | सिमपानी बिउटीफिकेसन | ३११५९ | नेपाल सरकार | १५००००० | सिमपानी बिउटीफिकेसन | ३११५९ | नेपाल सरकार | ० |
| ९५२ | सिमपानी बिउटीफिकेसन | ३११५९ | नेपाल पर्यटन बोर्ड | १५००००० | सिमपानी बिउटीफिकेसन | ३११५९ | नेपाल पर्यटन बोर्ड | ० |
| ९४७ | मठ मन्दिर, गुम्बा चर्च मर्मत संभार तथा रंग रोकन | ३११५९ | आन्तरिक स्रोत | १५००००० | मठ मन्दिर, गुम्बा चर्च मर्मत संभार तथा रंग रोकन | ३११५९ | आन्तरिक स्रोत | १०००००० |
| | | | | | नागेश्वर शिव मन्दिर पानीहिटी मर्मत सू न पा १० | ३११५९ | आन्तरिक स्रोत | ५०००० |
| | | | | | टेलिभिजनमार्फत नगरभित्रका पर्यटकीय स्थलको प्रवर्द्धन तथा प्रचार प्रसार | २२५२२ | आन्तरिक स्रोत | ५०००० |
| | जम्मा | | | ६१००००० | | | | २०००००० |
| ब.उ.शि.नं. ८०१०३४०४३४१ वन,भू-संरक्षण तथा जैविक विविधता | | | | | | | | |
| १२२१ | जडान(वायोग्यास,विद्युतिय चुलो,सौर्यउर्जा,सुधारीएको चुलो) | २२५२२ | आन्तरिक स्रोत | ८०००० | जडान(वायोग्यास,विद्युतिय चुलो,सौर्यउर्जा,सुधारीएको चुलो) | २२५२२ | आन्तरिक स्रोत | ० |
| | जम्मा | | | ८०००० | | | | ० |
| ब.उ.शि.नं. ८०१०३४०४३४२ वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | |
| १२३२ | जन्मदिनको उपहार १० विरुवा कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | २०००० | जन्मदिनको उपहार १० विरुवा कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | ० |
| १२३७ | फोहोरमैला संकल्नको लागि मिनी ट्रक खरिद | ३११२१ | आन्तरिक स्रोत | ४००००० | नगर प्रहरीलाई आवश्यक साइकल खरिद | २२५२२ | आन्तरिक स्रोत | ६०००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
| १२४० | घुम्ती शौचालय निर्माण खरिद र व्यवस्थापन | ३११५९ | आन्तरिक स्रोत | २५००००० | नगरपालिकाको विभिन्न स्थानमा शार्वजनिक शौचालय/घुम्ती शौचालय निर्माण | ३११५९ | आन्तरिक स्रोत | ३०००००० |
| १२४१ | नगरपालिकाको विभिन्न स्थानमा शार्वजनिक शौचालय निर्माण | ३११५९ | आन्तरिक स्रोत | ५०००००० | | | | |
| १२४२ | फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइडको जग्गा व्यवस्थापन | ३१४११ | आन्तरिक स्रोत | १०००००० | फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइडको जग्गा व्यवस्थापन | ३१४११ | आन्तरिक स्रोत | १५००००० |
| | जम्मा | | | १२७००००० | | | | ५१००००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३२१ जनस्वास्थ्य तथा पोषण** | | | | | | | | |
| ९८० | मेची आयुर्वेद अस्पतालमा फ्लोरिङ तथा ट्रष्ट निर्माण | २२२३१ | नेपाल सरकार | ३००००० | मेची आयुर्वेद अस्पतालमा फ्लोरिङ तथा ट्रष्ट निर्माण | २२२३१ | नेपाल सरकार | ० |
| १०१५ | शव वाहन गाडी खरिद | ३११२१ | नेपाल सरकार | २०००००० | शव वाहन गाडी खरिद | ३११२१ | नेपाल सरकार | ० |
| १००२ | मृगौला प्रत्यारोपड गरेका, डायलाइसिस गरिरहेको, क्यान्सर रोगी र मेरुदण्डको पक्षघातका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउन कोष स्थापना | २२५२२ | नेपाल सरकार | ३००००० | अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यविधि,२०७७ कोषको लागि शिर्षकमा रकम थप गर्नु पर्ने | २२५२२ | नेपाल सरकार | ८००००० |
| ९९४ | अतिविपन्न नागरिक स्वास्थ्य उपचार सहायता कोष सञ्चालन कार्यविधि,२०७७ कोषको लागि शिर्षकमा रकम थप गर्नु पर्ने | २२५२२ | नेपाल सरकार | ५००००० | | | | |
| | जम्मा | | | ३१००००० | | | | ८००००० |
| **ब.उ.शि.नं. ८०१०३४०४ राजश्व शाखा तथा स्रोत परिचालन** | | | | | | | | |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम/आयोजना/कृयाकलापको नाम** | **खर्च शिर्षक** | **बजेट स्रोत** | **वि.रकम रु.** | **संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम** | **खर्च शिर्षक** | **बजेट स्रोत** | **वि.रकम रु** |
| १३०४ | राजश्व सुधार योजना | २२५२२ | आन्तरिक स्रोत | ५०००० | राजश्व असुलि शिविर संचालन तथा करदाता शिक्षा कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | ३०००० |
| | जम्मा | | | ५०००० | | | | ३०००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३२५ युवा तथा खेलकुद** | | | | | | | | |
| ११२८ | अन्तराष्ट्रिय/राष्ट्रिय कराँते प्रतियोगिता | २२५२२ | आन्तरिक स्रोत | ३०००० | सूर्योदय कराँते प्रतियोगिता संञ्चालन | २२५२२ | आन्तरिक स्रोत | २०००० |
| ११३० | तङ इल मो दो राष्ट्रिय प्रतियोगिता संञ्चालन | २२५२२ | आन्तरिक स्रोत | २०००० | खेलकुद म्याट खरिद | २२५२२ | आन्तरिक स्रोत | २०००० |
| ११३५ | पालिकाको तर्फबाट प्रतियोगितात्मक खेलमा बाहिर खेलाडी तथा प्रशिक्षक पठाउँदा यातायात र बसोबास व्यवस्थापन | २२५२२ | आन्तरिक स्रोत | ४०००० | पालिकाको तर्फबाट प्रतियोगितात्मक खेलमा बाहिर खेलाडी तथा प्रशिक्षक पठाउँदा यातायात र बसोबास व्यवस्थापन | २२५२२ | आन्तरिक स्रोत | २०००० |
| ११२९ | आधारभूत तह कक्षा १-५ छात्रछात्रा फुटबल प्रतियोगिता संञ्चालन | २२५२२ | आन्तरिक स्रोत | ३०००० | बाह्र महिना बाह्र महिना कार्यक्रम संञ्चालन | २२५२२ | आन्तरिक स्रोत | ३०००० |
| | | | | | कजेनी खेलमैदान साइड प्रोटेक्सन वाल निर्माण | ३११५९ | आन्तरिक स्रोत | ५०००० |
| | जम्मा | | | १२००००० | | | | १४००००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३२२ शिक्षा, कला, भाषा तथा संस्कृति** | | | | | | | | |
| १०३३ | MGML संञ्चालित विद्धालयलाई अनुदान र तालिम | २२५२२ | आन्तरिक स्रोत | २०००० | MGML संञ्चालित विद्धालयलाई अनुदान र तालिम | २२५२२ | आन्तरिक स्रोत | १०००० |
| १०४५ | विद्यालय विद्यार्थी सहयोग परिषद र पूर्व विद्यार्थी मञ्च गठन | २२५२२ | आन्तरिक स्रोत | १०००० | सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि रेडियो शिक्षा कार्यक्रम संचालन | २२५२२ | आन्तरिक स्रोत | ३५०००० |

# नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन

| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| १०५२ | सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि रेडियो शिक्षा कार्यक्रम संचालन | २२५२२ | आन्तरिक स्रोत | २५०००० | | | | |
| | जम्मा | | | ५५०००० | | | | ४५०००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३३१ भवन, आवास, वस्ती तथा सहरी विकास** | | | | | | | | |
| ११५० | Land Polling सम्बन्धी अध्ययन | २२५२२ | आन्तरिक स्रोत | ५००००० | Land Polling सम्बन्धी अध्ययन | २२५२२ | आन्तरिक स्रोत | ० |
| ११५४ | नगर सभा हल निर्माण | ३१११२ | आन्तरिक स्रोत | २०००००० | कलकले सिँचाई योजना | ३११५५ | आन्तरिक स्रोत | १२००००० |
| | | | | | श्री खोला सिँचाई योजना | ३११५५ | आन्तरिक स्रोत | ५००००० |
| ११५५ | नगर सभा हल निर्माण | ३१११२ | नगर विकास कोष-ऋण | ७००००००० | नगर सभा हल निर्माण | ३१११२ | नगर विकास कोष-ऋण | ० |
| ११५७ | सानो श्रीबुङ्गमा सामुदायिक भवन निर्माण | ३१११२ | आन्तरिक स्रोत | १५००००० | उत्तरे खोला सानो श्रीबुङ्ग मेचीखोला अलवेदर सडकको खण्ड (ढलान गर्ने) | ३११५१ | आन्तरिक स्रोत | २५००००० |
| ११५१ | भू-उपयोग योजना तर्जुमा (भू-जोखिम संवेदनशिलता समेत) | २२५२२ | आन्तरिक स्रोत | १०००००० | भू-उपयोग योजना तर्जुमा (भू-जोखिम संवेदनशिलता समेत) | २२५२२ | आन्तरिक स्रोत | १४००००० |
| ११५६ | वडा नं. १० वडा कार्यालय भवन निर्माण | ३१११२ | आन्तरिक स्रोत | ७०००००० | वडा नं. १० वडा कार्यालय भवन निर्माण | ३१११२ | आन्तरिक स्रोत | ० |
| | | | | | साझा सुविधा केन्द्र निर्माण | ३११५९ | आन्तरिक स्रोत | ३५००००० |
| | | | | | वर्थिङ्ग सेन्टर भवन निर्माण | ३१११२ | आन्तरिक स्रोत | ७४००००० |
| | | | | | पशुपतिनगर गाडी पार्क निर्माण | ३११५९ | आन्तरिक स्रोत | ९००००० |
| | जम्मा | | | ८२०००००० | | | | १७४००००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३३२ सडक, पूल तथा यातायात** | | | | | | | | |
| ११८८ | तकपत बौद्ध आ वि हुदै सीमा सडक जोड्ने सडक (प्रदेश समपुरक साझेदारी) | ३११५१ | आन्तरिक स्रोत | ५०००००० | प्रदेश समपुरक साझेदारी | ३११५१ | आन्तरिक स्रोत | ३०००००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
| ११९६ | फिक्कल-गुम्बापथ-मलिम जुरेभञ्ज्याङ्ग सडक(प्रदेश समपुरक साझेदारी) | ३११५१ | आन्तरिक स्रोत | ५०००००० | | | | |
| ११९७ | बरबोटे कट्टेबुङ्ग छिरुवा सडक (संघीय सरकार समपुरक साझेदारी) | ३११५१ | आन्तरिक स्रोत | १७०००००० | बरबोटे कट्टेबुङ्ग छिरुवा सडक (संघीय सरकार समपुरक साझेदारी) | ३११५१ | आन्तरिक स्रोत | १०००००००० |
| | | | | | बुद्धमार्ग-गुफापाताल सडक मर्मत | ३११५१ | सडक बोर्ड नेपाल | ७००००० |
| | | | | | बुद्धमार्ग-गुफापाताल सडक मर्मत | ३११५१ | आन्तरिक स्रोत | ३००००० |
| | | | | | गुफाटार-ठुलो श्रिबुङ-सिद्धिखोला सडक मर्मत | ३११५१ | सडक बोर्ड नेपाल | ७००००० |
| | | | | | गुफाटार-ठुलो श्रिबुङ-सिद्धिखोला सडक मर्मत | ३११५१ | आन्तरिक स्रोत | ३००००० |
| | | | | | शान्तिगोलाई-आठघरे-गुम्बापथ फिक्कल सडक मर्मत | ३११५१ | सडक बोर्ड नेपाल | ७००००० |
| | | | | | शान्तिगोलाई-आठघरे-गुम्बापथ फिक्कल सडक मर्मत | ३११५१ | आन्तरिक स्रोत | ३००००० |
| | | | | | समालबुङ्ग मा.वि.उदय चोक अम्बिटार सडक मर्मत | ३११५१ | सडक बोर्ड नेपाल | १२००००० |
| | | | | | समालबुङ्ग मा.वि.उदय चोक अम्बिटार सडक मर्मत | ३११५१ | आन्तरिक स्रोत | ५००००० |
| | | | | | गोर्खे कमेरे ठकुरी गाउँ भगवती आ.वि. थुम्के सडक मर्मत | ३११५१ | सडक बोर्ड नेपाल | ७००००० |
| | | | | | गोर्खे कमेरे ठकुरी गाउँ भगवती आ.वि. थुम्के सडक मर्मत | ३११५१ | आन्तरिक स्रोत | ३००००० |
| | | | | | कन्याम फ्याक्ट् बर्थिङ्ग सेन्टर जाने सडक मर्मत | ३११५१ | सडक बोर्ड नेपाल | ७००००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम/आयोजना/कृयाकलापको नाम** | **खर्च शिर्षक** | **बजेट स्रोत** | **वि.रकम रु.** | **संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम** | **खर्च शिर्षक** | **बजेट स्रोत** | **वि.रकम रु** |
| | | | | | कन्याम फ्याक्ट् बर्थिङ्ग सेन्टर जाने सडक मर्मत | ३११५१ | आन्तरिक स्रोत | ३०००० |
| | | | | | सडक बोर्ड नेपालका योजनाहरु | ३११५१ | आन्तरिक स्रोत | २०००००० |
| | | | | | ऋषिमोड गोर्खे मंगरबारे मानेभञ्ज्याङ्ग अवलेवदर सडकको टिमुरे खण्ड सडक निर्माण | ३११५१ | आन्तरिक स्रोत | २०००००० |
| | | | | | सनराइज स्कूलदेखी महालक्ष्मी टोल हुदै अलवेदर जोड्ने सडक | ३११५१ | आन्तरिक स्रोत | ५००००० |
| | | | | | अलवेदर सडकबाट श्री कृष्ण आवि बैशाके कात्तिके हुदै जोगमाई सडक स्तरोन्नति | ३११५१ | आन्तरिक स्रोत | १०००००० |
| | | | | | ह्युमपाइप खरिद | ३११५१ | आन्तरिक स्रोत | ६००००० |
| | | | | | १० नं. वडा कार्यालय मार्ग निर्माण/स्तरोन्नति | ३११५१ | आन्तरिक स्रोत | १०००००० |
| | | | | | कार्की डाँडा गाजले गाउँ सडक स्तरोन्नति | ३११५१ | आन्तरिक स्रोत | ८००००० |
| | | | | २७०००००० | | | | २७६००००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३५२ संगठन, विकास, मानव संसाधन र क्षमता विकास** | | | | | | | | |
| १२९६ | कर्मचारी आवास गृह निर्माण | ३११११ | आन्तरिक स्रोत | ५०००००० | कर्मचारी आवास गृह निर्माण | ३११११ | आन्तरिक स्रोत | ० |
| | | | | | डा. तारानाथ शर्मा पुस्तकालय स्थापना | २२५२२ | आन्तरिक स्रोत | १०००००० |
| १२८३ | पत्रकारीता प्रशिक्षण कार्यक्रम | २२५१२ | आन्तरिक स्रोत | ५००००० | पत्रकारीता प्रशिक्षण कार्यक्रम | २२५१२ | आन्तरिक स्रोत | २००००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम/आयोजना/कृयाकलापको नाम** | **खर्च शिर्षक** | **बजेट स्रोत** | **वि.रकम रु.** | **संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम** | **खर्च शिर्षक** | **बजेट स्रोत** | **वि.रकम रु** |
| १२८५ | कर्मचारी परिचालन नीति परिचालन गरि कार्यालय सम्बन्धी नियमित कार्य र सेवा प्रवाहको सुनिश्चितताको लागि work from home र service at home को प्रणाली विकास गर्ने | २२५२२ | आन्तरिक स्रोत | २५०००० | कर्मचारी परिचालन नीति परिचालन गरि कार्यालय सम्बन्धी नियमित कार्य र सेवा प्रवाहको सुनिश्चितताको लागि work from home र service at home को प्रणाली विकास गर्ने | २२५२२ | आन्तरिक स्रोत | ० |
| १२९३ | वेवसाइटमा समावेश गर्नु पर्ने आधारभूत अन्तरवस्तु एवं ढाँचा तयारी सम्बन्धी कार्यशाला सञ्चालन | २२५२२ | आन्तरिक स्रोत | ७५००० | वेवसाइटमा समावेश गर्नु पर्ने आधारभूत अन्तरवस्तु एवं ढाँचा तयारी सम्बन्धी कार्यशाला सञ्चालन | २२५२२ | आन्तरिक स्रोत | ० |
| | | | | | टोल विकास संस्थालाई मसलन्द सामाग्री खर्च | २२३११ | आन्तरिक स्रोत | ७५०००० |
| | | | | ५८२५००० | ० | १४३५०० | ० | १९५०००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३२३ खानेपानी तथा सरसफाई** | | | | | | | | |
| १०६९ | गोर्खे खानेपानी योजना मर्मत संभार | ३११५६ | आन्तरिक स्रोत | ८००००० | गोर्खे खानेपानी योजना मर्मत संभार | ३११५६ | आन्तरिक स्रोत | ० |
| १०७० | गोर्खे खानेपानी योजना मर्मत संभार | ३११५६ | जनसहभागिता | २००००० | गोर्खे खानेपानी योजना मर्मत संभार | ३११५६ | जनसहभागिता | ० |
| | | | | | STLRP सँगको साझेदारीमा डस्टविन निर्माण | ३११५९ | आन्तरिक स्रोत | १०००००० |
| | जम्मा | | | १०००००० | | | | १०००००० |
| **ब.उ.शि.नं. ८०१०३४०४३३४ सूचना तथा सञ्चार प्रविधि** | | | | | | | | |
| १२१५ | डिजिटल बोर्ड व्यवस्थापन र संचालन | ३११२२ | आन्तरिक स्रोत | २०००००० | डिजिटल बोर्ड व्यवस्थापन र संचालन | ३११२२ | आन्तरिक स्रोत | ० |
| | जम्मा | | | २०००००० | | | | ० |
| **ब.उ.शि.नं. ८०१०३४०४३५१ नीति, कानून, न्याय तथा सुशासन** | | | | | | | | |

# नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन

| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| १२६५ | नागरिक सहायता केन्द्र स्थापना तथा संचालन १४ वटै वडा कार्यालय | २२५२२ | आन्तरिक स्रोत | १५०००० | नागरिक सहायता केन्द्र स्थापना तथा संचालन १४ वटै वडा कार्यालय | २२५२२ | आन्तरिक स्रोत | ० |
| १२६९ | विद्यमान कानुनी व्यवस्था र जनअपेक्षा समेतका आधारमा कर्मचारीले पालना गर्नुपर्ने मानवीय मूल्य र नैतिक मूल्यसूची सहितको मूल्यढाँचा तयारी कार्यशाला | २२५२२ | आन्तरिक स्रोत | १००००० | विद्यमान कानुनी व्यवस्था र जनअपेक्षा समेतका आधारमा कर्मचारीले पालना गर्नुपर्ने मानवीय मूल्य र नैतिक मूल्यसूची सहितको मूल्यढाँचा तयारी कार्यशाला | २२५२२ | आन्तरिक स्रोत | ० |
| १२७० | स्थानीय तहमा समावेशी शासनको अभ्यास: सूर्योदय नगरपालिकाको सार्वजनिक सेवा प्रवाह सम्बन्धी एथनोग्राफिक अध्ययन (क्रमागत) | २२५२२ | आन्तरिक स्रोत | ५००००० | स्थानीय तहमा समावेशी शासनको अभ्यास: सूर्योदय नगरपालिकाको सार्वजनिक सेवा प्रवाह सम्बन्धी एथनोग्राफिक अध्ययन (क्रमागत) | २२५२२ | आन्तरिक स्रोत | ० |
| १२७६ | सार्वजनिक जवाफदेहीताका लागि नगरपालिकाले सार्वजनिक गर्नुपर्ने सूचनाहरु तयारी व्यवस्थापन प्रकाशन प्रशारण ( सूचना डेक्स सञ्चालन समेत) | २२५२२ | आन्तरिक स्रोत | ५००००० | सार्वजनिक जवाफदेहिताका विभिन्न औजारहरुको कार्यान्वयन | २२५२२ | आन्तरिक स्रोत | ५००००० |
| १२५४ | १०० जना मेलमिलाप कर्तालाई ३ चरणमा पुनर्रताजगि तालिम | २२५१२ | आन्तरिक स्रोत | ५००००० | नयाँ मेलमिलापकर्ता उत्पादन तालिम सञ्चालन | २२५१२ | आन्तरिक स्रोत | ३००००० |
| | जम्मा | | | १७५०००० | | | | ८००००० |
| **ब.उ.शि.नं. ८०१०३४०४१११ नगरकार्यपालिकाको कार्यालय** | | | | | | | | |
| २ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड-संघीय सरकार-नगद | ३४६८२००० | पारिश्रमिक कर्मचारी | २११११ | आन्तरिक स्रोत | ५०००००० |
| | | | | | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड-संघीय सरकार-नगद | २९६८२००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
| ५९ | विभिन्न निकायसँगको साझेदारीमा योजना तथा कार्यक्रमहरुको लागि समपुरक कोष | ३१५११ | आन्तरिक स्रोत | ७६४६००० | विभिन्न निकायसँगको साझेदारीमा योजना तथा कार्यक्रमहरुको लागि समपुरक कोष | ३१५११ | आन्तरिक स्रोत | २६४६००० |
| | | | | | विभिन्न निकायसँगको साझेदारीमा योजना तथा कार्यक्रमहरुको लागि समपुरक कोष | ३१५११ | राजस्व बाँडफाँड-संघीय सरकार-नगद | ५०००००० |
| १६ | इन्धन कार्यालय प्रयोजन | २२२१२ | राजस्व बाँडफाँड-संघीय सरकार-नगद | ३०००००० | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजस्व बाँडफाँड-संघीय सरकार-नगद | ३०००००० |
| | | | | | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | आन्तरिक स्रोत | १०००००० |
| | जम्मा | | | १०६४६००० | | | | ११६४६००० |
| **ब.उ.शि.नं. ८०१०३४०४२०१ सूर्योदय नगरपालिका वडा नं. १** | | | | | | | | |
| १२४ | रक्तमाला मन्दिर स्तरोन्नति | ३११६१ | जनसहभागिता | २५००० | रक्तमाला जाने बाटो स्तरोन्नति | ३११५१ | जनसहभागिता | २५००० |
| १२५ | रक्तमाला मन्दिर स्तरोन्नति | ३११६१ | आन्तरिक स्रोत | १००००० | रक्तमाला जाने बाटो स्तरोन्नति | ३११५१ | आन्तरिक स्रोत | १००००० |
| १२६ | सिद्धिदेवी आ वि घेराबारा | ३११६१ | जनसहभागिता | २५००० | सिद्ध देवि आ वि घेराबारा | ३११५१ | जनसहभागिता | २५००० |
| १२७ | सिद्धिदेवी आ वि घेराबारा | ३११६१ | आन्तरिक स्रोत | १००००० | सिद्ध देवि आ वि घेराबारा | ३११५१ | आन्तरिक स्रोत | १००००० |
| ७२ | मानेसिंह देवी पदमार्ग तथा घेराबारा | २२२३१ | जनसहभागिता | १२००० | मंलगबारे खोपकेन्द्रमा शौचालय निर्माण | ३१११५९ | जनसहभागिता | १२००० |
| ७३ | मानेसिंह देवी पदमार्ग तथा घेराबारा | २२२३१ | आन्तरिक स्रोत | ५०००० | मंलगबारे खोपकेन्द्रमा शौचालय निर्माण | ३१११५९ | आन्तरिक स्रोत | ५०००० |
| | जम्मा | | | ३१२००० | | | | ३१२००० |
| **ब.उ.शि.नं. ८०१०३४०४२०४ सूर्योदय नगरपालिका वडा नं. ४** | | | | | | | | |
| २४९ | उपभोक्ता समिति तथा टोल बिकास सम्बन्धि अभिमुखीकरण कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | १००००० | राजस्व तथा पंजिकरण सामाजिक सुरक्षा सम्बन्धी टोल घुम्ती संचालन कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | १००००० |
| २५० | जेष्ठ नागरिक तथा अपागता भएको ब्याक्ति स्वास्थ्य कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | १३०००० | जेष्ठ नागरिक तथा अपागता भएको ब्याक्ति स्वास्थ्य सामाग्री वितरण(गाउँघर क्लिनिक मार्फत) | २२५२२ | आन्तरिक स्रोत | १३०००० |
| २५३ | पशु पालन ब्यवसाय तथा कृषि अन्तर्गत (कृषक प्रोत्सान )कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | ५०००० | सेक्स सिमन प्रोत्साहन कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | ५०००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
| २५५ | महिला कानूनी साक्षरता कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | ५०००० | महिला स्तनपान कक्ष निर्माण (वार्ड कार्यालयमा) | २२५२२ | आन्तरिक स्रोत | ५०००० |
| २५६ | युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | १००००० | टोल विकास संस्थालाई खेलकुद सामाग्री वितरण कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | १००००० |
| | जम्मा | | | ४३०००० | | | | ४३०००० |
| ब.उ.शि.नं. ८०१०३४०४२०५ सूर्योदय नगरपालिका वडा नं. ५ | | | | | | | | |
| ३३१ | सामुदायिक तथा संस्थागत विद्यालयका बालबालिकाहरु वीच विविध कार्यक्रम सहित खेलकुद तथा शैक्षिक सामाग्री वितरण गर्ने अन्तरविद्यालय वीच विविध शिर्षकमा प्रतियोगिता गर्ने खेलकुद तथा शैक्षिक सामाग्री वितरण गर्ने | २२५२२ | नेपाल सरकार | ६०००० | सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई खेलकुद सामाग्री वितरण | २२५२२ | नेपाल सरकार | ६०००० |
| ३२४ | नागरिक आरोग्य केन्द्रको औषधि व्यवस्थापन नगरपालिकाको साझेदारीमा | २२५२२ | नेपाल सरकार | ५०००० | नागरिक आरोग्य केन्द्रको कार्यालय व्यवस्थापन | २२५२२ | नेपाल सरकार | ५०००० |
| ३३९ | कंडेल डाँडा प्रहरी चौकी जोड्ने सडक निर्माण | ३११५१ | नेपाल सरकार | ५०००० | केराबारी गुरुङ्ग गाउँ सडक | ३११५१ | नेपाल सरकार | ५०००० |
| ३४० | कंडेल डाँडा प्रहरी चौकी जोड्ने सडक निर्माण | ३११५१ | जनसहभागिता | १२००० | केराबारी गुरुङ्ग गाउँ सडक | ३११५१ | जनसहभागिता | १२००० |
| | जम्मा | | | १७२००० | | | | १७२००० |
| ब.उ.शि.नं. ८०१०३४०४२०९ सूर्योदय नगरपालिका वडा नं. ९ | | | | | | | | |
| ५५१ | माने पान्दाम जील गोर्खे सडकबाट पायुल गुम्बा जाने सडक स्तरोन्नती | ३११५१ | जनसहभागिता | १२५००० | पायुल झ्याङ्गछुप छेन छोइलिङ्ग गुम्बा निर्माणमा सहयोग | ३११५९ | जनसहभागिता | १२५००० |
| ५५२ | माने पान्दाम जील गोर्खे सडकबाट पायुल गुम्बा जाने सडक स्तरोन्नती | ३११५१ | आन्तरिक स्रोत | ५००००० | पायुल झ्याङ्गछुप छेन छोइलिङ्ग गुम्बा निर्माणमा सहयोग | ३११५९ | आन्तरिक स्रोत | ५००००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
| ५२६ | महिला लक्षित मागमा आधारित सिप विकास कार्यक्रम | २२५१२ | नेपाल सरकार | १५०००० | महिला लक्षित व्यवसाय प्रवर्द्धन कार्यक्रम | २२५१२ | नेपाल सरकार | १५०००० |
| ५३० | तरकारी बाली सम्बन्धी रोग सम्बन्धी तालिम कार्यक्रम | २२५२२ | नेपाल सरकार | ७५००० | समूहलाई लागत साझेदारीमा अदुवा कृषि बिउ अनुदान कार्यक्रम | २२५२२ | नेपाल सरकार | ७५००० |
| ५४१ | आधारभुत स्वास्थ्य केन्द्र रम्फोक सम्म जाने बाटो | ३११५१ | नेपाल सरकार | १००००० | युवा लक्षित नेतृत्व विकास कार्यक्रम | २२५१२ | नेपाल सरकार | १००००० |
| ५४२ | आधारभुत स्वास्थ्य केन्द्र रम्फोक सम्म जाने बाटो | ३११५१ | जनसहभागिता | २५००० | | | | |
| ५२९ | जनजाती आदिवासी साँस्कृतिक सामाग्री सहयोग | २२५२२ | नेपाल सरकार | १००००० | साँस्कृतिक पहिरन सहयोग | २२५२२ | नेपाल सरकार | १००००० |
| | जम्मा | | | १०७५००० | | | | १०५०००० |
| **ब.उ.शि.नं. ८०१०३४०४२१० सूर्योदय नगरपालिका वडा नं. १०** | | | | | | | | |
| ५७८ | स्यानिटरी प्याड उत्पादन तालिम | २२५१२ | नेपाल सरकार | ७५००० | महिला सिप विकास तथा रोजगारीमूलक कार्यक्रम | २२५२२ | नेपाल सरकार | २००००० |
| ५८५ | महिला सिप विकास तथा रोजगारीमूलक कार्यक्रम | २२५२२ | नेपाल सरकार | १२५००० | | | | |
| ६१२ | समावेशी टोलमा जरुवा पानी संरक्षण | ३११५७ | नेपाल सरकार | ५०००० | जरुवा पानी संरक्षण | ३११५७ | नेपाल सरकार | ५०००० |
| **ब.उ.शि.नं. ८०१०३४०४२११ सूर्योदय नगरपालिका वडा नं. ११** | | | | | | | | |
| ६७४ | पराले खानेपानी योजना | ३११५६ | आन्तरिक स्रोत | १००००० | मगरकुवा खानेपानी योजना | ३११५६ | आन्तरिक स्रोत | १५०००० |
| ६७८ | मगरकुवा खानेपानी योजना | ३११५६ | आन्तरिक स्रोत | ५०००० | | | | |
| | जम्मा | | | १५०००० | | | | १५०००० |
| **ब.उ.शि.नं. ८०१०३४०४२१३ सूर्योदय नगरपालिका वडा नं. १३** | | | | | | | | |
| ७५७ | चोक्टी गाउँदेखी तल्लो आरुबोटे हुदै खानी भञ्ज्याङ्गसम्म सडक निर्माण योजना | ३११५१ | आन्तरिक स्रोत | ५००००० | बाह्रमासे सडकको संयोग टोलको कटहरेबाट मासबासे चोक्टीगाउँ सडक खण्ड स्तरोन्नति | ३११५१ | आन्तरिक स्रोत | ५००००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम/आयोजना/कृयाकलापको नाम** | **खर्च शिर्षक** | **बजेट स्रोत** | **वि.रकम रु.** | **संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम** | **खर्च शिर्षक** | **बजेट स्रोत** | **वि.रकम रु** |
| ७५८ | चोक्टी गाउँदेखी तल्लो आरुबोटे हुदै खानी भञ्ज्याङ्गसम्म सडक निर्माण योजना | ३११५१ | जनसहभागिता | १२५००० | बाहमासे सडकको संयोग टोलको कटहरेबाट मासबासे चोक्टीगाउँ सडक खण्ड स्तरोन्नति | ३११५१ | जनसहभागिता | १२५००० |
| | जम्मा | | | ६२५००० | | | | ६२५००० |
| **ब.उ.शि.नं. ८०१०३४०४२१४ सूर्योदय नगरपालिका वडा नं. १४** | | | | | | | | |
| ८३३ | सरस्वति मा.वि. कर्कट पाता खरिद तथा कक्षाकोठा मर्मत | ३११५९ | आन्तरिक स्रोत | २००००० | सरस्वति मा.वि. फर्निचर खरिद तथा निर्माण | ३११२३ | आन्तरिक स्रोत | २००००० |
| | जम्मा | | | २००००० | | | | २००००० |
| **८०१०३४०४५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान)** | | | | | | | | |
| | | | | | कन्याम डुँडेगैरा पूर्णे डाँडा साइक्लिङ्ग ट्र्याक निर्माण | ३११५१ | आन्तरिक ऋण/नगद ऋण | १००००००० |
| | जम्मा | | | | | | | १००००००० |
| **८०१०३४०४५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान)** | | | | | | | | |
| **ब.उ.शि.नं. ३१२००१०१ कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम** | | | | | | | | |
| | | | | | शहरी क्षेत्र लक्षित ताजा तरकारी उत्पादन अभिवृद्धि कार्यक्रम | २२५२२ | आन्तरिक ऋण/नगद ऋण | १०००००० |
| | | | | | आलु आत्मनिर्भर कार्यक्रम | २२५२२ | आन्तरिक ऋण/नगद ऋण | ७५००००० |
| | | | | | नमूनाका रुपमा न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यक्रम | | आन्तरिक ऋण/नगद ऋण | १०००००० |
| | जम्मा | | | ० | | | | २७५००००० |
| **ब.उ.शि.नं. ३१३०११०२ खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम** | | | | | | | | |
| १३४५ | पधेरा धाँरा खापाआसुवि, सूर्योदय १२, इलम | ३११५६ | आन्तरिक ऋण/नगद ऋण | ३००००० | पधेरा धाँरा खापाआसुवि, सूर्योदय १२, इलम | ३११५६ | आन्तरिक ऋण/नगद ऋण | ० |

# नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन

| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| १३४७ | सूर्योदय न.पा वृहत खा.पा.आ.(इलाम) | ३११५६ | आन्तरिक ऋण/नगद ऋण | १०००००० | सूर्योदय न.पा वृहत खा.पा.आ.(इलाम) | ३११५६ | आन्तरिक ऋण/नगद ऋण | ० |
| | जम्मा | | | १३००००० | | | | ० |
| **ब.उ.शि.नं. ३४७०१११४ एकिकृत वस्ती विकास कार्यक्रम** | | | | | | | | |
| १३६५ | इलाम जिल्ला एकिकृत वस्ती विकास कार्यक्रम | ३११५९ | आन्तरिक ऋण/नगद ऋण | ५०००००० | इलाम जिल्ला एकिकृत वस्ती विकास कार्यक्रम | ३११५९ | आन्तरिक ऋण/नगद ऋण | ० |
| | जम्मा | | | ५०००००० | | | | ० |
| **ब.उ.शि.नं. ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** | | | | | | | | |
| | | | | ० | विद्यालय कक्षा कोठा निर्माण अनुदान | ३१११२ | आन्तरिक ऋण/नगद ऋण | १५०००००० |
| | | | | ० | विद्यालयमा IT Lab स्थापना, सुदृढीकरण एवम् Digital Library व्यवस्थापनका लागि अनुदान | ३११३२ | आन्तरिक ऋण/नगद ऋण | १३००००० |
| | जम्मा | | | ० | | | | १६३००००० |
| **ब.उ.शि.नं. ३७१००१०२ प्रधानमन्त्री रोजगार कार्यक्रम** | | | | | | | | |
| १४८१ | रोजगारी सृजना(नेपाल सरकार) | २२५२२ | नेपाल सरकार-नगद अनुदान | ३७४८००० | वडाभरिको पक्की तथा कच्ची नाली मर्मत संभार | २२५२२ | नेपाल सरकार-नगद अनुदान | ५७७००० |
| | | | | | महेन्द्रवेशी शान्तिबजार लम्वागौडा र काजीगोलाई डिल्ली गोलाई शान्तिधारा रविगोलाई सिमासडक मर्मत संभार | २२५२२ | नेपाल सरकार-नगद अनुदान | १३२७००० |
| | | | | | जमुनाडाडाँदेखी जुकेपानी हुदै वर्गिङ्ग जोड्ने बाटो मर्मत संभार | २२५२२ | नेपाल सरकार-नगद अनुदान | २३०००० |
| | | | | | पुण्यस्मारिका हिमशिखरबाट असले खोला जोड्ने सडक मर्मत संभार तथा स्तरोन्नति | २२५२२ | नेपाल सरकार-नगद अनुदान | ६९२००० |

# नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन

| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | चौतारे हुँदै लेबक पुच्छार जाने सडक मर्मत | २२५२२ | नेपाल सरकार-नगद अनुदान | ४०३००० |
| | | | | | चुङमाङ टोलको देवी गोलाईबाट श्रीमान गोलाई जोड्ने सडक मर्मत तथा स्तरोन्नति | २२५२२ | नेपाल सरकार-नगद अनुदान | ५१९००० |
| | जम्मा | | | ३७४८००० | | | | ३७४८००० |
| **ब.उ.शि.नं. ३७१००१०३ युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना** | | | | | | | | |
| १४८९ | रोजगारी सृजना (आई.डि.ए.) | २२५२२ | आई डि ए/सोधभर्ना हुने ऋण | २३५१००० | थलहले खेत गोलाईबाट बालविकास आ वि जाने सडक मर्मत | २२५२२ | आई डि ए/सोधभर्ना हुने ऋण | ११५४००० |
| | | | | | सू.न.पा. १३ को अलवेदर सडकको माथिल्लो भागको नाली मर्मत योजना | २२५२२ | आई डि ए/सोधभर्ना हुने ऋण | ३४६२०० |
| | | | | | सुकेपोखरीदेखी लक्ष्मीपुर टोल हुदै रामचोक जोड्ने सडकको नालि मर्मत | २२५२२ | आई डि ए/सोधभर्ना हुने ऋण | ८०७८०० |
| | | | | | रोजगारी सृजना (आई.डि.ए.) अवण्डा बजेट | २२५२२ | आई डि ए/सोधभर्ना हुने ऋण | ४३००० |
| | | | | २३५१००० | | | | २३५१००० |
| **८०१०३४०४५२१ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान)** | | | | | | | | |
| | | | | ० | रुङ्गसुङ्ग लिम्बुगाउँ तिनतले झरना पर्यटकिय सडक स्तरोन्नति | ३११५१ | प्रदेश नं. १-नगद अनुदान | १०००००० |
| | | | | ० | सुन्दरपानी खेलमैदान | ३११५९ | प्रदेश नं. १-नगद अनुदान(संघ वित्तीय समानिकरण) | ६००००० |
| | | | | ० | सूर्योदय न.पा.-१० कबर्ड हल निर्माण | ३११५९ | प्रदेश नं. १-नगद अनुदान(संघ वित्तीय समानिकरण) | ६००००० |

| नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम संशोधन, रकमान्तर र स्रोत परिवर्तन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु. | संसोधित कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | बजेट स्रोत | वि.रकम रु |
| | | | | | करफोक विद्या मन्दिर ब. क्याम्पस, फर्निचर,शौचालय र कक्षाकोठा निर्माण | ३१११५९ | प्रदेश नं. १-नगद अनुदान(संघ वित्तीय समानिकरण) | २०००००० |
| | | | | | चित्रेदेखी  मैम्मा सडक खण्ड ट्रयाक ओपन कार्य | ३१११५१ | प्रदेश नं. १-नगद अनुदान | १०००००० |
| | | | | | तरकारी उत्पादन प्रवर्दन कार्यक्रम | २२५२२ | प्रदेश नं. १-नगद अनुदान(संघ वित्तीय समानिकरण) | १५००००० |
| | | | | | कन्याम-डुँडेगैरा-पूर्णेडाँडा साइक्लिङ्ग ट्रयाक | ३१११५९ | प्रदेश नंबर १ - शसर्त अनुदान पुँजीगत [ दाताको संयुक्त कोष - सोधभर्ना अनुदान (बैदेशिक)] | ३०३९३३० |
| | जम्मा | | | ० | | | | ९७३९३३० |

आज्ञाले,

मिलन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत